मुड्केचुला गाउँपालिका

स्थानीय राजपत्र

खण्ड:२०७५ संख्या:६ मिति:२०७५/०५/०१

भाग-२

मुड्केचुला गाउँपालिका, डोल्पा

प्रमाणीकरण मिति : २०७५/०३/१०


मुड्केचुला गाउँपालिकाको शिक्षा ऐन,२०७४ को दफा ४९ तथा मुड्केचुला गाउँपालिका शिक्षा नियामावली,२०७५ को नियम १२९ बमोजिम

# मुड्केचुला गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि,२०७५

**प्रस्तावना :**

मुड्केचुला गाउँपालिकाको स्थानिय शिक्षा ऐन,२०७५ को दफा ४९ र मुड्केचुला गाउँपालिका शिक्षा नियमावली ,२०७५ को नियम १२९ को अधिममा रही मुड्केचुला गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी ,राहत अनुदान कोटा,वालविकास सहजकर्ता ,गाउँपालिकाको स्रोतबाट तलव खाने पदमा नियुक्त हुने शिक्षक,कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागी मुड्केचुला गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१.संक्षिप्त नाम,प्रारम्भ र प्रयोग :

क.यो कार्यविधिको नाम मुडकेचुला गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि ,२०७५ रहेको छ ।

ख.यो कार्यविधि मुड्केचुला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग.यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

घ.यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी,विद्यालय सहायक,बालविकास सहजकर्ता,आधारभुत तहदेखी माध्यमिक तहसम्म नेपाल सरकार वा गाउँपालिकाको स्रोतबाट तलव भत्ता पाउने गरी स्वीकृत दरवन्दी,स्थायी,अस्थायी,करार परियोजना तथा राहत अनुदान कोटा तथा गाउँपालिकाको स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीहरुको नियुक्तिको लागी प्रयोग हुनेछ ।

**२.परिभाषाः**

**क.** 'ऐन' भन्नाले मुड्केचुला गाउँपालिका शिक्षा ऐन,२०७५ सम्झनुपर्छ ।साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रदेशिक शिक्षा ऐन समेतलाई जनाउने छ ।

**ख.** 'नियामावली' भन्नाले मुड्केचुला गाउँपालिका शिक्षा नियमावली,२०७५ सम्झनु पर्छ ।साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रदेशिक शिक्षा नियमावलीलाई समेत जनाउने छ ।

**ग.** 'शिक्षक सेवा आयोग' भन्नाले संघिय कानुन अनुसार गठित शिक्ष सेवा आयोग सम्झनु पर्छ ।

यो शब्दले प्रदेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउने छ ।

**घ**.'शिक्षा शाखा'भन्नाले मुड्केचुला गाउँपालिका अन्तर्गतको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

**ङ**‘कार्यविधि’भन्नाले मुड्केचुला गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि,२०७५ सम्झनु पर्छ ।

# परिच्छेद ‘एक’

## नेपाल सरकारबाट स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

१.१ नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :(१)दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितीले शिक्षा शिक्षा अधिकृत मार्फत शिक्षा सेवा आयोगवाट करारमा शिक्षक नियुक्तिको लागी प्रकाशित भएको सूची माग गर्नु पर्ने छ । सूचीमा सुचिकृत भएको मुड्केचुला गाउँपालिकामा बासोबास गर्ने शिक्षकलाई प्राथमिकता दिईने छ ।

(२)उपनियम (१)बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारमध्ये व्यवस्थापन समितीले बढीमा एक शैक्षिक सत्रको लागी करारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।

१.२ नियम १.१ बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागी कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले १.३ बमोजिमको शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागी योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

### १.३ शिक्षक तथा कर्मचारी छनौट समिती :

(१)सामुदायिक विद्यालयमा नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी र राहत/अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका लागी सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ :

- विद्यालय व्यवस्थापन समितीलेको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य-अध्यक्ष
- सम्बन्धीत क्षेत्रको विद्यालय निरिक्षक वा शिक्षा अधिकृत-सदस्य
- गाउँपालिकाले तोकेको विशेषज्ञ १ जना -सदस्य
- प्रधानाध्यापक -सदस्य-सचिव

(२)शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

**नियम १.३ बमोजिमको समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रिया :**

**(क)**शिक्षक,कर्मचारी तथा बालबालिका सहजकर्ता नियुक्ति गर्दा शिक्षा शाखावाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमती लिएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

**(ख)** शिक्षक,कर्मचारी तथा बालबालिका सहजकर्ता नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजानिक सूचना सम्भाव्य सवै माध्यमबाट प्रकाशन गर्नुको साथै सवै वडा कार्यालय ,गाउँ कार्यपालिका र सम्वन्धित विद्यालय समेतमा त्यसतो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना मुड्केचुला गाउँपालिको वेवसाईटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

**(ग)** शिक्षक,कर्मचारी तथा बालबालिका सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता,नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्ने छ ।

**(घ)** प्राप्त हुन आएका निवेदन,प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलव्ध गराउनु पर्ने र शाखाले आफु समक्ष पेश भएका विवरणहरु गाउँ शिक्षा समितीको अध्यक्ष समक्ष पेश गर्नु पर्ने छ ।

**(ङ)** शिक्षा शाखाको परमार्श र अध्यक्षको निर्देशनमा विद्यालयले कम्तीमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारलाई सूचित गर्नु पर्ने छ ।

**(च)** उक्त परीक्षा केन्द्र गाउँपालिकामा हुनेछ । परीक्षा संचालन,प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि नियम १.३ बमोजिम गठित समितिको निर्णय अनुसार हुनेछ ।

**(छ)** १.३ बमोजिम गठित समितीको सिफारिसमा विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक,कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेख कारणको लागी शिक्षा शाखालाई जानकारी दिनु पर्ने छ ।

**(ज)** नियम १.२ मा जुनसुकै कुरा लेखिएको कुरा लेखिएको भए तापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पुर्ति नभएमा गाउँपालिकाले करारको म्याद थप गर्न सक्ने छ ।प्रत्येक शैक्षिक शत्रको सुरुमा गएिको उक्त म्याद थपेका अभिलेखीकरण शिक्षा शाखाले गरी सम्बन्धीत शिक्षक र विद्यालयलाई जानकारी गर्नु पर्ने छ ।यस्तो म्याद थपको लागी गाउँपालिकाले प्रत्येक अषाढ मसान्त भित्र सूचना प्रकाशन गरी सवै प्रकारका करार शिक्षकहरु तथा कर्मचारीहरुबाट निवेदन लिनुपर्नेछ ।यस्तो प्रकारको सूचना अन्तीम दरखास्त अवधी सकिए पछि आएका निवेदन उपर कुनै प्रकारका कारवाही गरिने छैन र त्यसता शिक्षकहरुको करार सेवा अवधी स्वतः समाप्त भएको हुनेछ ।

**(झ)** यस नियमा बमोजिमको प्रक्रिया नपुयाई शिक्षक,कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा गाउँ शिक्षा समितिबाट स्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागिय कारवाही गरिने छ ।

**(ञ)**विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलव भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक,विद्यालय सहायक,विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्ने छ ।

# परिच्छेद 'दुई'

## गाउँपालिकको स्रोत पारिश्रमिक पाउने स्वयमसेवक शिक्ष,कर्मचारीमा नियुक्ति सम्बन्धी व्यवस्था

### २.१. गाउपालिकाको स्रोतबाट नियुती हुने शिक्षक कर्मचारी छनौट समिति :

गाउँपालिकाद्धारा सृजना गएिको स्वयंम सेवक करार, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुतीकालगि सिफरिश गर्न गाएपालिकमा देहाएको शिक्षक तथा कमृचारी छनौट समति रहनेछ ।

| | |
|---|---|
| क) कार्यपालिकाले मनोनित गरेको व्यक्ति | अध्यक्ष |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) छनौट समिलि तोकेको विशेषज्ञ दुईजना | सदस्य |
| घ) शिक्षा अधिकृत | सदस्य सचिब |

### २.२. विज्ञापन प्रिकाशन तथा दरखास्त संकलन सम्बन्धि प्रक्रिया

**क)** गाउँपालिकाबाट बार्षिकरुपमा स्विकृत वजेटको परिधिमा रहि शुन्य दरबन्दी रहेका वा सबैभन्दा कम दरबन्दी रहेका विद्यालयहरु एकिन गरि विद्यार्थी संख्यलाई समेत आधार मानी शिक्षा शाखाको परामर्शमा गाँउ शिक्षा समितिबाट विद्यालयगत , विषयगत कोटा र पारिश्रमिक दर निर्धारण हुनुपर्नेछ ।

**ख)** शिक्षा शाखाले शिक्षा समितिबाट निर्धारण गरिएको कोटा र विषयको अधिनमा रहि गाँउ शिक्षा समितिको निर्णय अनुसार कम्तीमा १५ दिने सुचना ⁄विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

**ग)** तोकिएको म्याद भित्र पेश हुन आएका दरखास्तहरु शिक्षा शाखामा संकलन गरि कागजात रुजु गरि प्रबेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

**घ**) कार्यरत तथा अन्य प्राप्त दरखास्तहरुको कुनै बिवरण फरक पारी पेश गरेको सम्बन्धमा छानविन गर्न कोही कसैको कुनै दाबी बिरोध भएमा लिखित परिक्षा संचालन पुर्व नै लिखित जानकारी दिनको लागि गाउँपालिकाको वेबसाइटबाट उम्मेदारहरुको नाम नामेसीको बिवरण सार्वजनिक गर्नु पर्नेछ ।

**ङ**) प्रकाशित सुचनाको सम्बन्धमा बुनै बिवरणमा त्रुटी भएमा छनौट समितिले आवश्यक छानबिन गरि उम्मेदारहरुको अन्तिम नामावली स्वीकृत गर्नेछ । उम्मेदारहरुको योग्यता तथा अयोग्यताको सम्बन्धमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२.३. परिक्षा संचालन सम्बन्धी प्रक्रिया :**

**क**) गाउँ शिक्षा समितिले तोकेको केन्द्र, मिति र समयमा परिक्षा संचालन हुनेछ ।

**ख**) परिक्षा संचालनको क्रममा आबश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**२.३. प्रश्नपत्र निर्माण सम्बन्धि प्रक्रिया :**

**क**) विषयगत प्रश्न निर्माणको लागि शिक्षा शाखामा रहेको अभिलेख अनुसार विषयगत शिक्षकबाट गाउँ शिक्षा समितिका अध्यक्षबाट र्‍यान्डमली गोला तानी परिक्षा संचालन हुनुभन्दा ३ दिन अघि आबश्यक मात्रामा रोष्टरको नामावली छनौट गरिनेछ ।

**ख**) नियुक्त भएका रोष्टरहरुलाई शिक्षा शाखामा गोप्यरुपमा बोलाई शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार प्रति रोष्टर ३ प्रतिका दरले विषयगत प्रश्नपत्रको प्रश्न बैंक(Question Bank) निर्माण गर्न लगाईनेछ । ति प्रश्नहरु तत्काल सिलबन्दी गरि शिक्षा समितिका अध्यक्षसँग गोप्य र सुरक्षित रुपमा राख्नु पर्नेछ । परिक्षा संचालन हुनुभन्दा अघिल्लो दिन ति प्रश्नपत्रहरु मध्ये छनौट समितिका अध्यक्षले कुनै प्रश्नपत्रहरुका खाम छ्यासमिस पारि आखाँ चिम्लेर एकसेट प्रश्नपत्र र्‍यान्डमली तानी शिक्षा समितिका अध्यक्ष  र शिक्षा शाखाको रोहबरमा  खोली मोडरेसन गर्नुपर्न भएमा सो समेत गरि टाइप गर्नु पर्ने भएमा तत्काल गरि आश्यक मात्रामा छपाइ तथा फोटोकपी गरि तत्काल खामबन्दी गरेर शिक्षा समितिका अध्यक्षको रोहबरमा सुरक्षित राख्नु मार्नेछ ।  परिक्षा संचालन हुनुभन्दा २ घण्टा अघि मात्र प्रश्नपत्रहरु सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मा लगाउनु पर्ने हुन्छ ।

**ग**) शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार बसतगत प्रश्नपत्र निर्माण सम्बन्धमा २.१ ब्मोजिम गठित समितिको निर्णय अनुसार शिक्षा शाखाको नेतृत्वमा परिक्षा संचालन हुनभन्दा अघिल्लो दिन प्रति तह कम्तीमा ५ सेट हुनेगरि प्रश्न बैंक (Question Bank) निर्माण र सिलबन्दी गरि गोप्यरुपमा शिक्षा समितिका अध्यक्षको रोहबरमा राख्नु पर्नेछ । परिक्षासंचालन हुनुभन्दा ३ घण्टा अगाडि बस्तुगत प्रश्नपत्रहरुलाई तहगत रुपमा छ्यासमिस पारि शिक्षा समितिका अध्यक्ष र शिक्षा शाखाको । रोहबरमा छनौट समितिका अध्यक्षले आखाँ बन्दगरि र्‍यान्डमली एक सेट मात्र लगाई प्याकिङ्ग खोली मोडरेसन गर्नुपर्ने भएमा तत्काल गरि टाइप गर्नु पर्ने भए टाइपगरि आबश्यक मात्रामा छपाइ तथा फोटोकपी गरि परिक्षा संचालन हुनुभन्दा २ घण्टा अघि सम्बन्धित केन्द्राध्यक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

**घ**) विषयगत र बस्तुगत प्रश्नपत्र मोडरेसन , टाईप, फाटोकपी , छपाई तथा प्याकिङ्ग कार्यमा संलग्न हुने कर्मचारीहरुले परिक्षा शुरु नहुदासम्म छनौट समितिका पदाधिकारी बाहेक अन्यसँग प्रत्यक्ष अप्रत्यक्ष सम्पर्क गर्न पाइने छैन । निजहरुले उक्त अवधिभर मोवाइल फोन तथा अन्य संचार माध्यमको प्रयाृग गर्न पाइने छैन ।

## <u>२.४. उत्तर पुस्तिका परिक्षण सम्बन्धमा</u>

**क**) विषयगत परिक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि शिक्षा समितिका अध्यक्षको रोहबरमा शिक्षा शाखाले पहिलो कोड कायम गर्नेछ ।

**ख**) शिक्षा समितिका अध्यक्षको रोहबरमा छनौट समितिका अध्यक्षले दोश्रो कोड कायम गर्नेछ त्यस पछि गाउ शिक्षा समितिबाट नियुक्त भएका रोष्टरबाट उत्तरपुस्तिका परिक्षण गराईनेछ ।

**ग**) पहिलो कोड कायम गर्नेले दोश्रो कोड र दोश्रो काड कायम गर्नेले पहिलो कोड कायम सम्बन्धि कार्यमा सहभागि हन पाएने छैन ।

**घ**) बस्तुगत परिक्षाको उत्तरपुस्तिका परिक्षण सम्बन्धमा २.१ बमोजिम गठित समितिको निर्णय अनुसार आबश्यक उत्तरकुञ्जिका बनाई छनौट समितिका सबै पदाधिकारीहरुको सामुहिक सहभागितामा परिक्षण गरि तत्काल अभिलेखीकरण गर्नु पर्नेछ ।

**ङ**) लिखित विषयगत र बस्तुगतको प्राप्तांङ्क जोडेर छनौट समितिको निर्णय अनुसार लिखित परिक्षाको नतिजा प्रकाशन गरिनेछ ।

## २.५. अन्तरबार्ता सम्बन्धमा

क) अन्तरबार्ता बापत पाउने अंकभार शिक्षक सेवा आयो नियमावली ,२०५७ अनुसार कायम गरिनेछ ।

ख) २.५ क बमोजिम नम्बर कायम गर्दा आन्तरिक प्रतियोगिताको हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए खुला र आन्तरिक दुबैमा एक बर्षको आधा नम्बरका दरले बढीमा ५ नम्बर प्रदान गर्नेगरि छुट्याइनेछ ।

ग) अन्तरबार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

घ) लिखित र मौखिबाट उच्चतम अंक सहित उतिर्ण हुने उम्मेदारहरुको नामावली छनौट समितिले गाँउ शिक्षा समितिमा पठाउनु पर्नेछ ।

## २.६. सिफारिस र नियक्ति सम्बन्धमा

क) विज्ञापन तथा सुचना अनुसार गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परिक्षबाट उतिर्ण भै सिफारिश गरिएका स्वयंम सेवक, शिक्षक, कर्मचारी तथा बालबिवकास सहजकर्ताहरुको नियुक्ति विद्यालय, पद, तह, श्रेणी, विषय, अबधि, पारिश्रमिक लागएत अन्य शर्तहरु समेत तोकी शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले गर्नेछ ।

## २.७ बैकल्पिक उम्मेदार नियुक्ति सम्बन्धमा

क) निर्देशिकाको २.६ अनुसार नियुक्तीको लागि सिफारिश भएका उम्मेदारले सुचनामा प्रकाशित अवधि भित्र नियुक्ती नबुझेमा वा नियुक्ती बुझेको ७ दिन भित्र विद्यालयमा हाजिर नभएमा शिक्षा समितिको निर्णय अनुसार बैकल्पीक उम्मेदारलाई नियुक्ती गरिनेछ ।

## २.८ पद रिक्त भएमा :

**क)** गाउँपालिकाको स्रोतबाट नियुक्ती हुने स्वयंम सेवक शिक्षकको लागि बार्षिकरुपमा लिएको कोटामा कुनै कारणले उक्त कोटा रिक्त भएमा गाउपालिकाबाट लिइएको परिक्षा बाट कुनै उम्मेदार छनौट हुन नसकेमा उक्त कोटामा मुड्केचुला गाँउपालिकाको शिक्षा नियमावली २०७५ को नियम ५६.१ बमोजिम गठित समितिबाट सार्वजनिका सुचना प्रकाशन गरि विद्यालयगत रुपमा परिक्षा संचालन गरि नियुक्तिको लागि गाँउ शिक्षा समिति समक्ष सिफारिश गरि कार्यविधीको २.६ बमोजिम नियुक्ती गरिनेछ ।

# परिच्छेद 'तिन'

## परिक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा

३.१ माथि उल्लेखित परिक्षा संचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यमा संलग्न पदाधिकारहिरु तथा कर्मचारीहरुले तपसिल बमोजिमको सेवा सुविधा पाउनेछन् ।

| | |
|---|---|
| क) पदाधिकारीको बैठक भत्ता प्रति बैठक | रु १५००/- |
| ख) विषयगत प्रश्न निर्माण रोष्टर प्रति सेट | रु. १५००/- |
| ग) बस्तुगत प्रश्न निर्माण प्रति सेट | रु. २०००/- |
| घ) उत्तरपुस्तिका परिक्षण विषयगत प्रति उपु | रु.१००/- |
| ङ) बस्तुगत उत्तरपुस्तिका परिक्षण प्रति उपु | रु. १००/- |
| च) विषयगत प्रश्नपत्र टाइप प्रतिसेट | रु. ५००/- |
| छ) बस्तुगत प्रश्नपत्र टाइप प्रति सेट | रु. १५००/- |

घ) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ । बैठकमा शिक्षा समितिका पदाधिकारी, स्रोत ब्यक्ति र सामाजिक विकास समितिका संयोजकलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित पदाधिकारीहरु सरहको भत्ता पाउने छन् ।

**३.२.** परिक्षा संलग्न हुने कर्मचारीले पाउने सेवा सुविधा

| | |
|---|---|
| क) केन्द्राध्यक्ष (रा.प.तृतिय वा सो सरह) | रु. १५००/- |
| ख) सहायक केन्द्राध्यक्ष ( रा.प. अनं प्रथम वा सो सरह) | रु १५००/- |
| ग) निरिक्षक | रु. १०००/- |
| घ) कार्यालय सहयागि | रु. ५००/- |

**३.३** अनुगमनमा खटिएका पदाधिकारीले पाउने सेवा सुविधा प्रतिदिन एकमुष्ट रु. २०००/-

**३.४** अन्तरबार्ताकारले पाउने सेवा सुविधा⁄ति सिफ्ट एकमुष्ठ रु.१०००/-

## परिच्छेद 'चार'

### विविध

**४.१** परिक्षा संचालनको क्रममा आबश्यक पर्ने मसलन्द सामाग्री, उत्तरुपुस्तिका छपाई लगाएतको बन्दोबस्त गाँउ शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले गर्नेछ ।

**४.२** परिक्षा संचालन, उत्तरपुस्तिका छपाई, उत्तरपुस्तिका परिक्षण लगायत माथि उल्लेखित विभिन्न शिर्षकमा भएको खर्च परिक्षा दस्तुर बापत उठेको रकमबाट ब्यहोरिनेछ । परिक्षा दस्तुरबाट खर्च नपुग भएमा बाँकी खर्च विद्यालयले संचालन गरेको परिक्षा भएमा सम्बन्धित विद्यालयले र गाँउपालिकाले संचालन गरेको परिक्षा भएमा गाँउपालिकाले सो खर्च ब्यहोर्नु पर्नेछ ।

**४.३ संसोधन**

यो कार्यविधीमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा तत्काल कायम गाँउ शिक्षा समितिको बैठकको निर्णय अनुसार आबश्यक संसोधन गर्न सकिनेछ ।

**४.४ ब्याख्या**

यो कार्यविधीको प्रयोगमा द्धुविधा उत्पन्न भएमा मुड्केचुला गाँउपालिका शिक्षा समितिले गरेको ब्याख्या अन्तिम हुनेछ ।

आज्ञाले
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

मुद्रक : भुसाल अफसेट प्रेस प्रा.लि. नेपालगंज, सम्पर्क नं. ९८५१२१८१४८